# बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०७४

समितिबाट स्वीकृत मितिः २०७४/०६/१८

प्रथम संशोधन मितिः २०७८/०९/२६

**प्रस्तावनाः** बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधालाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

बीमा ऐन, २०४९ को दफा ८ को उपदफा (घ२) को अधिकार प्रयोग गरी समितिले यो मार्गदर्शन तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम "बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०७४" रहेको छ ।

(२) यो मार्गदर्शन तत्काल लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

(क) "ऐन" भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "कार्यकारी प्रमुख" भन्नाले बीमकको दैनिक ब्यवस्थापनको जिम्मेवारी भएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बीमकको प्रशासकीय, ब्यवस्थापकीय वा ब्यवसायको जिम्मेवारी भएको प्रमुख कार्यकारी अधिकृत वा प्रशासक समेत जनाँउदछ ।

(ग) "तलव, भत्ता तथा अन्य सुविधा" भन्नाले यस मार्गदर्शन अनुसार प्रदान गरिने तलव, भत्ता तथा अन्य सुविधा भन्ने सम्झनु पर्छ ।

(घ) "बीमक" भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित सँस्था सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको बीमा समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## तलव, भत्ता तथा अन्य सुविधा

३. **तलव, भत्ता तथा अन्य सुविधा चार भागमा विभाजन गर्नुपर्नेः** (१) बीमकले कार्यकारी प्रमुखलाई प्रदान गर्ने तलव, भत्ता तथा अन्य सुविधा देहाय बमोजिम चार भागमा विभाजन गर्नु पर्नेछः

(क) निश्चित बार्षिक तलव तथा भत्ताहरू,

(ख) कार्यसम्पादनमा आधारित पारिश्रमिक,

(ग) बीमा सम्बन्धी सुविधाहरू, र

(घ) अन्य आर्थिक सुविधाहरू ।

(२) बीमकले कार्यकारी प्रमुखलाई उपदफा (१) मा उल्लेख गरिए भन्दा अन्य प्रकारको कुनै पनि रकम र सुविधा उपलब्ध गराउन पाउने छैन ।

४. <u>**निश्चित बार्षिक तलव तथा भत्ताः**</u> (१) कार्यकारी प्रमुखलाई प्रदान गरिने निश्चित बार्षिक तलव तथा भत्ता दफा १० मा उल्लेख भएका सूचकांकहरूलाई समेत मध्यनजर गरी देहायका मापदण्डको आधारमा गणना गर्नुपर्नेछः

(क) जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा विगत तीन आर्थिक बर्षको औषत कर्मचारी खर्चको ६ प्रतिशत सम्म ।

(ख) जीवन र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा बीमकको विगत तीन आर्थिक बर्षहरूको अन्तको औषत कूल सम्पत्तिको क्रमशः ०.१ प्रतिशत र ०.५ प्रतिशत सम्म ।

<u>*स्पष्टिकरण:*</u>

(अ) कर्मचारी खर्च भन्नाले कार्यकारी प्रमुख सहित सम्पूर्ण कर्मचारीको बार्षिक तलव, भत्ता, चाडपर्व खर्च, कर्मचारी सञ्चय कोषमा थप, तालिम खर्च, पोशाक, औषधोपचार, बीमा, पेन्सन, उपदान खर्च तथा व्यवस्था, बिदा बापतको खर्च तथा व्यवस्था, पुरस्कार, ओभरटाइम, पर्फर्मेन्स बोनस, प्रोत्साहन सुविधा (इन्सेन्टिभ) र कर्मचारी सेवा शर्त विनियमावलीमा उल्लेख भएको कर्मचारीले प्राप्त गर्ने रकम तथा सुविधा सम्झनु पर्नेछ ।

(आ) कर्मचारी भन्नाले स्थायी, अस्थायी, करार, ज्यालादारी कर्मचारीलाई जनाँउछ ।

(इ) कूल सम्पत्ति भन्नाले बीमकको आर्थिक बर्षको अन्तको वासलातको सम्पत्ति तर्फको कूल योगलाई सम्झनु पर्दछ ।

(२) उपदफा (१) मा उल्लेख भएका मापदण्डहरूको आधारमा गणना गर्दा जुन मापदण्डबाट न्यूनतम रकम आँउछ सोही अनुरूपको निश्चित बार्षिक तलव तथा भत्ता प्रदान गरिनेछ ।

<u>तर बीमकले प्रमुख कार्यकारी अधिकृतको पुनः नियुक्ति गर्दा वा नयाँ नियुक्ति गर्दा यस उपदफा बमोजिम गणना गरिएको निश्चित वार्षिक तलबभत्ता रकम यसअघि प्रदान गरिएको बार्षिक तलब तथा भत्ताभन्दा कम हुन आएमा समितिको स्वीकृति लिई अघि प्रदान गरिएको तलबभत्ता रकमसम्म प्रदान गर्न सकिनेछ</u>।[¥]

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कारोवार सञ्चालन गरेको तीन बर्ष पूरा नभएका बीमकको हकमा सोही किसिमको बीमा ब्यवसाय गर्ने अन्य सबै बीमकहरूको उपदफा (२) बमोजिम गणना गर्दा हुन आउने न्यूनतम उद्योग औषत (इन्डष्ट्री एभरेज) रकमलाई आधार मानी सो रकम ननाघ्ने गरी बार्षिक तलव भत्ता कायम गर्नु पर्नेछ ।

तर, बीमकले दर्ता प्रमाणपत्र प्राप्त गरेपछि पहिलो पटक नियुक्त गरेको कार्यकारी प्रमुखलाई पहिलो करार अवधिको लागि सञ्चालक समितिले विशेष कारण जनाई उद्योग औषत (इन्डष्ट्री एभरेज) को बढीमा १५० प्रतिशत सम्म तलव भत्ता कायम गर्न सक्नेछ ।

---
¥ प्रथम संशोधन बाट थप गरिएको ।

(४) बीमकले कार्यकारी प्रमुखको तलब तथा भत्ता उपदफा (२) को सीमाभित्र रही समितिको पूर्वस्वीकृति लिएर मात्र थपघट गर्न सक्नेछ ।[¥]

५. **कार्यसम्पादनमा आधारित सुविधाः** (१) बीमकले कार्यकारी प्रमुखलाई दफा ४ मा उल्लेख भएको निश्चित बार्षिक तलव तथा भत्ताको अतिरिक्त कार्यसम्पादनमा आधारित आर्थिक सुविधा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमकले कार्यसम्पादनमा आधारित सुविधा प्रदान गर्न चाहेको खण्डमा देहायको सीमा भित्र रही प्रदान गर्नु पर्नेछः

(क) कर्मचारी बोनस बापतको सुविधा बोनस ऐनले तोकेको अधिकतम सीमा सम्म,

(ख) बोनस ऐन, श्रम ऐन वा प्रचलित कानूनको अधिनमा रही उपलब्ध गराइने अन्य सुविधा, र

(ग) दफा ४ को उपदफा (२) को सीमा भित्र रही खुद मुनाफा वा अण्डरराइटिङ्ग मुनाफामा आधारित प्रोत्साहन सुविधा (इन्सेन्टिभ) ।

तर, कार्यसम्पादनमा आधारित सुविधा दफा ४ को उपदफा (२) अनुसार हुन आउने निश्चित बार्षिक तलव तथा भत्ताको बढिमा ७० प्रतिशत सम्म मात्र प्रदान गर्न सकिनेछ ।

(३) दफा (२) बमोजिमको कार्यसम्पादनमा आधारित सुविधाहरू दफा ४ को उपदफा (२) अनुसार हुन आउने निश्चित बार्षिक तलव तथा भत्ताको ४० प्रतिशत भन्दा बढी हुन गएमा ४० प्रतिशत सम्म तत्काल भुक्तानी दिई बाँकी रकमलाई स्थगन गरी आगामी तीन बर्षमा अनुसूची-१ मा उल्लेख भएको उदाहरण अनुरूप समानुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(४) कुनै आर्थिक बर्षमा नोक्सानी हुन गएमा उपदफा (३) बमोजिम अघिल्ला बर्षहरूमा स्थगन गरिएको कार्यसम्पादनमा आधारित सुविधा बापतको रकम अनुसूची १ मा उल्लेख भएको उदाहरण अनुरूप उक्त आर्थिक बर्षमा फिर्ता (रिभर्स) गरी आम्दानी जनाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम फिर्ता (रिभर्स) गरी आम्दानी जनाएको रकम पुनः कार्यकारी प्रमुखलाई प्रदान गरिने छैन ।

(६) यस दफाको उपदफा (२) को खण्ड (ग) अनुसार प्रदान गरिने कार्यसम्पादनमा आधारित सुविधा कार्यकारी प्रमुखले कार्य गरेको बर्षको वित्तीय विवरण स्वीकृत भएपश्चात सोही विवरणको आधारमा गणना गरी प्रदान गरिनेछ ।

(७) आर्थिक बर्ष समाप्त हुनु अगावै नियुक्त भएको वा अवकास पाउने कार्यकारी प्रमुखलाई उपदफा (६) अनुसारको सुविधा समानुपातिक रूपमा प्रदान गरिनेछ ।

६. **बीमा सम्बन्धी सुविधाः** (१) बीमकले कार्यकारी प्रमुखलाई दफा ४ को उपदफा (२) को सीमा भित्र रही देहाय बमोजिमको बीमाको बीमाशुल्क प्रदान गर्न सक्नेछः

(क) कार्यकारी प्रमुखको सावधिक जीवन बीमा,

(ख) कार्यकारी प्रमुखको दुर्घटना बीमा, र

---

[¥] प्रथम संशोधन बाट थप गरिएको ।

(ग) कार्यकारी प्रमुख र निजको एकाघर परिवारको स्वास्थ्य बीमा ।

(२) बीमा सम्बन्धी सुविधा भन्नाले बीमकले कार्यकारी प्रमुख र निजको एकाघर परिवारको बीमाको लागि भुक्तानी गर्ने बीमाशुल्क सम्झनु पर्दछ ।

*स्पष्टिकरण:* यस दफाको प्रयोजनको लागि एकाघर परिवार भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनु पर्दछ ।

७. **अन्य सुविधाहरू:** (१) बीमकले कार्यकारी प्रमुखलाई देहाय बमोजिम अन्य सुविधाहरू प्रदान गर्न सक्नेछः

(क) एक थान मोवाइल सेट र सो को वास्तविक खर्च,

(ख) एक थान ल्यापटप,

(ग) एक लाइन इन्टरनेट जडान र सोको वास्तविक खर्च,

(घ) सवारी साधनको लागि आवश्यक पर्ने इन्धन र चालक वा नेपाल सरकारको प्रथम तह सरहको चालक खर्च,

(ङ) बीमकले कर्मचारीलाई छुट्याएको शेयर वापतको अंश मध्यवाट कार्यकारी प्रमुखले प्राप्त गर्न सक्ने शेयर वापत रकम चुक्ता गरी प्रदान गरिने शेयर सुविधा,

(च) कार्यकारी प्रमुखलाई अन्य व्यवसायिक सदस्यता र पत्रपत्रिकाको लागि दफा ४ को उपदफा (२) बमोजिम हुन आउने वार्षिक तलव तथा भत्ताको १ प्रतिशत सम्म खर्च सुविधा ,

(छ) विदेश यात्रामा जाँदा यात्रा अवधि भरीको लागि दिइने यात्रा तथा स्वास्थ्य (ट्राभल तथा मेडिक्लेम इन्स्योरेन्स) को सुविधा ।

(२) बीमकले कार्यकारी प्रमुखलाई उपदफा (१) मा उल्लेख गरिए भन्दा बाहेक अन्य सुविधाहरू उपलब्ध गराउन पाउने छैन ।

## परिच्छेद-३
## विविध

८. **खाइपाई आएको तलव, भत्ता तथा सुविधा कायम रहने:** (१) हाल वहाल रहेको कार्यकारी प्रमुखको हकमा यो मार्गदर्शन जारी हुनु अघि देखि खाइपाई आएको तलव, भत्ता तथा आर्थिक सुविधा प्रदान गर्न यस ब्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

९. **लागू नहुने:** यो मार्गदर्शन देहायका बीमकको हकमा लागू हुने छैनः

(क) समितिले समस्याग्रस्त घोषणा गरेका बीमक,

(ख) नेपाल सरकारले कार्यकारी प्रमुख नियुक्त गर्ने बीमक,

(ग) संयुक्त लगानीमा स्थापना भई प्राविधिक सेवा सम्झौता (टेक्निकल सर्भिस एग्रिमेण्ट) को आधारमा विदेशी नागरिक कार्यकारी प्रमुखको रूपमा नियुक्त भएको बीमक, र

(घ) विदेशी बीमक का नेपालस्थित शाखा ।

तर, सयुक्त लगानीमा स्थापना भई प्राविधिक सेवा सम्झौता भए तापनि कार्यकारी प्रमुखको तलव, भत्ता, तथा सुविधाको वारेमा उक्त सम्झौतामा उल्लेख नभएको अवस्थामा वा विदेशी बीमकको नेपालस्थित शाखाहरूमा कार्यरत कार्यकारी प्रमुखको वारेमा उक्त बीमकको मुख्य कार्यालय (Parent Office) बाट प्राविधिक सेवा सम्झौता नभएको अवस्थामा यसै मार्गदर्शन बमोजिम कार्यकारी प्रमुखको तलव, भत्ता, तथा सुविधा प्रदान गर्नु पर्नेछ ।

१०. **अन्य सूचकांकलाई समेत ध्यान दिनु पर्नेः** (१) कार्यकारी प्रमुखलाई प्रदान गरिने तलव, भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा देहायका सूचकहरूलाई समेत ध्यान दिनु पर्नेछः

(क) सल्भेन्सी,

(ख) समान किसिमको बीमा कम्पनीहरूको औषत तलव, भत्ता तथा अन्य सुविधा,

(ग) व्यवस्थापन खर्च,

(घ) दावी फछ्र्यौट,

(ङ) दावी परित्याग,

(च) परिपालनको अवस्था,

(छ) गुनासोमा न्यूनीकरण,

(ज) विगत तीन बर्षको अण्डरराइटिङ्ग मुनाफा,

(झ) समग्र वित्तीय अवस्था, र

(ञ) जीवन बीमकको हकमा बीमालेखको नबीकरण दर समेत ।

११. **खुलाउनु पर्नेः** बीमकले कार्यकारी प्रमुखलाई प्रदान गरेको सेवा सुविधाका सम्वन्धमा अनुसूची-२ बमोजिमको ढाँचाको व्यहोरा निज संग गरेको करारमा तथा बीमकको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने तथा ब्याख्या गर्ने अधिकारः** (१) यस मार्गदर्शनले कुनै पनि बीमकको दैनिक काम कारवाहीमा बाधा अड्चन पर्न गएमा सोको व्यहोरा बीमा समितिमा पेश गर्न सक्नेछ ।

(२) दफा (१) बमोजिम समितिमा पेश हुन आएका बिषयमा बाधा अड्काउ फुकाउने तथा यस मार्गदर्शनको ब्याख्या गर्ने अधिकार समितिमा रहनेछ ।

## अनुसूची-१

### (दफा ५ को उपदफा (३) र (४) संग सम्बन्धित)

### कार्यसम्पादनमा आधारित पारिश्रमिक भुक्तानी तथा स्थगन गर्ने तरिकाको उदाहरण

दफा ४ को उपदफा (२) बमोजिम कार्यकारी प्रमुखको निश्चित वार्षिक तलव तथा भत्ता रू. ४० लाख छ भनी मान्दा र कार्यसम्पादनमा आधारित पारिश्रमिक यस (प्रथम) आ.व.मा रू. २५ लाख र आगामी आ.व. हरूमा क्रमशः रू. १५ लाख (दोस्रो आ.व.) र २८ लाख (तेस्रो आ.व.) हुन आएमा कार्यकारी प्रमुखले पाउनु पर्ने कूल तलव, भत्ता तथा अन्य सुविधा बापतको रकम क्रमशः रू. ६५ लाख, रू. ५५ लाख र रू. ६८ लाख हुन जान्छ ।

अव, यस मार्गदर्शनको दफा ५ को उपदफा (३) अनुसार यस आ.व. (प्रथम आ.व.) मा रू. ४० लाख (निश्चित वार्षिक तलव तथा भत्ता) को ४० प्रतिशतका दरले हुन आउने रू. १६ लाख निजले यसै बर्ष भुक्तानी पाउने छ भने सो भन्दा वढी हुन गएको कार्यसम्पादनमा आधारित पारिश्रमिक बापतको रकम रू. ९ लाख बीमकले निजलाई क्रमशः दोस्रो, तेस्रो र चौथो आर्थिक बर्षमा समानुपातिक दरमा भुक्तानी गर्नेछ । तर, निजले चौथो बर्षमा पाउनु पर्ने पहिलो बर्षको बाँकि रकम रू. ३ लाख उक्त बर्षमा बीमकको खुद नाफा ऋणात्मक रहेको हुनाले सो रकम निजलाई भुक्तानी गर्नुको साटो नाफा नोक्सान हिसाव खातामा फिर्ता (रिभर्स) गरिएको छ ।

त्यसैगरी, दोस्रो आ.व. मा रू. ४० लाख (निश्चित वार्षिक तलव तथा भत्ता) को ४० प्रतिशतका दरले रू. १६ लाखसम्मको रकम यसै वर्ष भुक्तानी पाउनेमा निजको कार्यसम्पादनमा आधारित सुविधा बापतको रकम रू. १५ लाख मात्र भएको हुनाले सोही आर्थिक वर्षमा भुक्तानी गरिएको छ ।

त्यसैगरी, तेस्रो आ.व. मा समेत रू. ४० लाख (निश्चित वार्षिक तलव तथा भत्ता) को ४० प्रतिशतका दरले हुन आउने रू. १६ लाख रकम निजले तेस्रो वर्षमा नै भुक्तानी पाउने छ भने सो भन्दा वढी हुन गएको कार्यसम्पादनमा आधारित पारिश्रमिक बापतको रकम रू. १२ लाख बीमकले निजलाई क्रमशः चौथो, पाँचौ र छैठौं आर्थिक वर्षहरूमा समानुपातिक दरमा भुक्तानी गर्नु पर्नेमा चौथो आर्थिक वर्षमा बीमकको खुद नाफा ऋणात्मक रहेको हुनाले सो सबै रकम रू. १२ लाख नै निजलाई भुक्तानी गर्नुको साटो नाफा नोक्सान हिसाव खातामा फिर्ता (रिभर्स) गरिएको छ ।

| बिवरण | यस वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष (नोक्सानी वर्ष) |
|---|---|---|---|---|
| निश्चित बार्षिक तलव भत्ताहरू | ४० लाख | ४० लाख | ४० लाख | ४० लाख |
| कार्यसम्पादनमा आधारित पारिश्रमिक | २५ लाख | १५ लाख | २८ लाख | - |
| यस आ.व. को भुक्तानी हुने रकम | १६ लाख | १५ लाख | १६ लाख | - |
| अघिल्लो आ.व.को भुक्तानी हुने रकम | | ३ लाख | - | - |
| २ वर्ष अघिल्लो आ.व. को भुक्तानी हुने रकम | | | ३ लाख | - |
| ३ वर्ष अघिल्लो आ.व. को भुक्तानी हुने रकम | | | | - |

## अनुसूची-२

(दफा ११ संग सम्बन्धित)

**<u>बीमकले कार्यकारी प्रमुखलाई प्रदान गरेको सेवा सुविधा वार्षिक प्रतिवेदनमा खुलाउने ढाँचा</u>**

| बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधा | यस आ.व. को | गत आ.व. को |
|---|---|---|
| (क)निश्चित वार्षिक तलव तथा भत्ताहरू | रू.............. | रू.............. |
| (ख) कार्यसम्पादनमा आधारित पारिश्रमिक<br>१. कर्मचारी बोनस<br>२. प्रचलित व्यवस्था अनुसारको सुविधा<br>३. प्रोत्साहन सुविधा (इन्सेन्टिभ) | रू.............. | रू.............. |
| (ग) बीमा सम्बन्धी सुविधाहरू<br>१. कार्यकारी प्रमुखको सावधिक जीवन बीमा<br>२. कार्यकारी प्रमुखको दुर्घटना बीमा<br>३. कार्यकारी प्रमुख र निजको परिवारको स्वास्थ्य बीमा | रू.............. | रू.............. |
| (घ) अन्य सुविधाहरू<br>१. ...............................<br>२. ...............................<br>३. ...............................<br>४. ...............................<br>५. ............................... | रू.............. | रू.............. |
| बीमकको कार्यकारी प्रमुखको कुल तलव, भत्ता तथा अन्य सुविधा कुल जम्मा | रू............... | रू................ |

**समाप्त**